# नेपाली बालकथाहरूमा अलौकिकता

- **डा भुपेन तामाङ**

दार्जिलिङ सरकारी महाविद्यालय।

**सार-** बालकथालाई रोचक र आकर्षित बनाउनामा अलौकिक तत्त्वको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। विभिन्न आद्भुतिक घटना, अलौकिक पात्र प्रयोग, पात्रगत विचित्र गुण र व्यवहारको चित्रण आदिका माध्यमले बालकथामा योजनाबद्ध रूपमा अलौकिकताको स्थापन गरिएको हुन्छ जसबाट बालहृदयले मनोरञ्जनसँगै नैतिक ज्ञान पनि प्राप्त गर्दछ। यस लेखमा नेपाली बालकथाहरूमा एउटा प्रवृत्ति विशेषका रूपमा रहेको अलौकिकताको स्थापन के कसरी भएको छ भन्ने कुरालाई विभिन्न आधारहरूबाट अध्ययन गरिएको छ। यस लेखमा विषयसँग सम्बद्ध सामग्री पुस्तकालयीय विधिद्वारा सङ्ग्रह गरी विवरणात्मक पद्धतिद्वारा निष्कर्ष निकाल्ने काम गरिएको छ। वर्णविन्यासका लागि हेमाङराज अधिकारीद्वारा सम्पादित **प्रयोगात्मक नेपाली शब्दकोश** (वि सं २०६६) अनि पादटिप्पणी र सन्दर्भ सूचीका लागि **नेपाली लेखन शैली** (ई सं २०११)लाई आधार मानिएको छ।

**बीज शब्द-** बालकथा, अलौकिकता, अलौकिक पात्र, पात्रगत विचित्र गुण र स्वभाव, असम्भाव्य घटना।

## १ विषयप्रवेश

बालबालिकाको रुचि र ग्रहण क्षमतालाई ध्यानमा राखी उनीहरूका लागि आकर्षक तथा उपयोगी विषयलाई बालसुलभ ढङ्गमा प्रस्तुत गरी रचिएको साहित्यलाई बालसाहित्य भनिन्छ।[1] बालसाहित्यका विभिन्न विधा छन्। तीमध्ये एउटा हो बालकथा। बालकथा बालसाहित्यको प्रसिद्ध विधा हो। कृष्णप्रसाद पराजुलीअनुसार 'बालकले सजिलैसँग बुझ्न, टिप्न सक्ने र उनीहरूलाई रौस्याउँदै चरित्र निर्माणमा सघाउ पुऱ्याउने सिर्जनात्मक कथा नै बालकथा हो।'[2] बालबालिकालाई मनोरञ्जन, शिक्षा तथा ज्ञान प्रदान गर्नु बालकथाको मुख्य उद्देश्य हो। बालबालिकाले कथाबाट

---

[1] शारदा अधिकारी, वि सं २०६६, 'बालसाहित्यको सैद्धान्तिक स्वरूप : सङ्क्षिप्त परिचय', रामबाबु सुवेदी (सम्पा), **बाल साहित्य**, काठमाडौँ, नेपाल बालसाहित्य समाज, पृ २८

[2] शिवहरि बगाले, वि सं २०६१, **नेपाली बालकथामा जनकप्रसाद हुमागाईँको योगदान**, अप्रकाशित शोध प्रबन्ध, काठमाडौँ, त्रिभुवन विश्वविद्यालय, पृ १२

जीवन निर्माण गर्ने प्रेरणा प्राप्त गर्दछन् भन्ने विद्वान्हरूको विचार छ।[3] बालकथाले आफूभित्र विभिन्न लौकिक र अलौकिक विषयलाई समेटेको हुन्छ। अलौकिक विषयका बालकथाभित्र एउटा यस्तो संसार हुन्छ जहाँ केही असम्भव हुँदैन। बालकबालिकाले यस्तो अनौठो र अलौकिक संसारको विचरण गरेर आनन्दानुभूति र ज्ञानोपार्जन गर्दछन्।

## २ अलौकिकताको तात्पर्य

'लोक' शब्दमा 'इक' प्रत्यय लागेर बनिएको तत्सम शब्द 'लौकिक'-ले लोकसम्बन्धी, लोकको, सांसारिक भन्ने अर्थ दिन्छ।[4] लौकिकको विपरीत शब्द हो अलौकिक। 'लौकिक' शब्दका अघाडि निषेधसूचक 'अ' उपसर्ग लागेर 'अलौकिक' शब्द बन्छ। अलौकिक शब्दले पृथ्वीमा नभएको वा नपाइने, अर्को लोकको, विचित्रको, अनौठो, विलक्षण भन्ने अर्थ दिन्छ।[5] अलौकिक शब्दमा नाम वा विशेषण शब्दका पछाडि भाववाचक नाम बनाउन आउने 'ता' प्रत्ययको योगद्वारा 'लौकिकता' शब्द बन्छ। यस लेखमा विचित्रपन, अनौठोपन, असम्भाव्य, अद्भूतका अर्थमा अलौकिकतालाई ग्रहण गरिएको छ।

अलौकिक पात्रहरूको उपस्थिति, पात्रगत विचित्र गुण र व्यवहारको चित्रण, असम्भाव्य घटनाहरूको संयोजनद्वारा बालकथामा अलौकिकता प्रस्तुत भएको हुन्छ। तथापि विचित्र र आद्भुतिक संसारको निर्माण गरी बालहृदयलाई मुग्ध बनाउन मात्र बालकथामा अलौकिकताको स्थापन गरिँदैन। यस्ता वर्णनले बालहृदयलाई मनोरञ्जन प्रदान गर्नाका साथै उनीहरूका कल्पना शक्तिको स्फुरणमा पनि सहयोग पुऱ्याउँछ। पशु पक्षीबिच संवाद, फल, फुल र वृक्षहरूको मानवीय क्रियाकलाप एवम् परीहरूको अद्भुत र चामत्कारिक रूपले बालहृदयमा कौतुहल सृजना गरिदिन्छ जसले बालचेतनालाई सुषुप्त रहन नदिएर सदैव क्रियाशील बनाई राख्दछ। रोमाञ्चक र चामत्कारिक ढङ्गले प्रस्तुत गरिएको नीति उपदेश सहजतासँग बालहृदयमा सञ्चारित हुने हुनाले मानवीय मूल्यका विकासमा पनि यसले सहयोग पुऱ्याउँदछ। प्रौढ कल्पनाभन्दा बाल कल्पना भिन्न प्रकृतिको

---

[3] त्रिभुवननाथ शुक्ल र श्रीकृष्ण चन्द्र तिवारी, ई सं २००९, **भारतीय बाल साहित्य की भूमिका**, कानपुर, अमन प्रकाशन, पृ १००

[4] हेमाङ्गराज अधिकारी (सम्पा), वि सं २०६६, **प्रयोगात्मक नेपाली शब्दकोश**, तेस्रो संस्करण, काठमाडौँ, विद्यार्थी प्रकाशन, पृ ८९०

[5] पूर्ववत्, पृ ५३

हुने हुनाले यस्ता असम्भव र अतिमानवीय घटनाका वर्णनले बालमानसिकतालाई छिटो प्रभाव पार्दछ। तथापि बाल हृदय मात्र नभएर युवा तथा प्रौढ हृदय पनि यस्ता अलौकिक चमत्कारबाट प्रभावित नभई रहन सक्तैन। **रामायण**, **महाभारत**देखि जेके रोइलिङको **ह्यारी पोर्टर** र जेम्स क्यामेरनद्वारा लिखित र निर्देशित **अवतार** आदि चलचित्रका अलौकिक संसारबाट प्रौढ चेतनासमेत सम्मोहित नभएको होइन। शक्तिमान, क्रिस, ब्याट्समेन, सुपरमेन, स्पाइडरमेनजस्ता अतिनायकहरूको परिकल्पना र छोटा भीम, मोटू पतलू, डोरेमोन, ओगीजस्ता कार्टुनहरूमा निहित अलौकिक तत्त्वले बाल हृदयलाई मात्र होइन युवा मानसिकतालाई पनि त्यत्तिकै आकर्षित गरेको छ। अतः अलौकिक संसारका सम्मोहनबाट बाल, युवा र वृद्ध हृदयसमेत प्रभावित रहेका हुन्छन्।

## ३ नेपाली बालकथाहरूमा अलौकिकता

नेपाली बालकथाहरूमा बोल्ने पशु पक्षी र तिनका मानवीय क्रियाकलाप, भूत प्रेत, सैतान, ईश्वरीय शक्तिसम्पन्न व्यक्ति, परी, अजम्मरी फल, जति खर्च्यो उति बढ्ने पैसाजस्ता विभिन्न अलौकिक प्रसङ्गहरू भेटिन्छन्। नेपाली बालकथाहरूमा अलौकिक पात्र, पात्रगत विचित्र गुण र व्यवहार अनि असम्भाव्य घटनाका माध्यमले अलौकिकताको स्थापन गरिएको छ। यो लेख देवकुमारी थापा, प्रकाश कोविद, एडोन रोङगोङ, सुखनम, नैनसिंह योन्जन, मनप्रसन्न योन्जन, निमा छिरिङ शेर्पा, मुन्नी सापकोटा तथा स्नेहलता राईका बालकथा अनि पुकार गुरुङद्वारा सम्पादित **सुनेका कथाहरू** सङ्ग्रह र रामचन्द्र गिरीद्वारा सङ्कलित **सचित्र कथामाला** (भाग ३) मा सङ्कलित बालकथाहरूको अध्ययनमा केन्द्रित छ।

### ३.१ अलौकिक पात्र

कतिपय बालकथामा भूतप्रेत, राक्षस, बोक्सी, देउता, परीजस्ता अलौकिक पात्रहरू छन्। यस्ता पात्रहरू इच्छानुसार जे पनि गर्न सक्ने र जहाँ पनि पुग्न सक्ने अनौठा र अद्भुत प्रकृतिका छन्। उनीहरूका यस्तै अनौठा र अद्भुत स्वरूप र क्रियाकलापले कथाहरूमा अलौकिक परिवेश निर्माण गरेको छ। यस्ता पात्रहरू सदगुण र दुर्गुणसम्पन्न गरी दुई प्रकारका छन्। सदगुण सम्पन्न पात्रअन्तर्गत देउता, परी आदि पर्दछन् भने दुर्गुणले युक्त पात्रअन्तर्गत भूतप्रेत, बोक्सी, सैतान, राक्षस आदि पर्दछन्। देवकुमारी थापाको 'साँचो साथी' कथाको इन्द्र देवता, नैनसिंह योन्जन र मनप्रसन्न योन्जनको **कथामृत** सङग्रहमा सङ्गृहीत 'परीदेश' कथाका परीहरू सदगुण सम्पन्न अलौकिक पात्रहरू हुन्।

त्यसरी नै देवकुमारी थापाको ‘सुनपखेटी चरी’ कथाकी टुना मुना जान्ने बोक्सी, एडोन रोङगोङको ‘मोची र राक्षस’ कथाको राक्षस, ‘जीतको वस्त्र र गहना’ कथाको सैतान केटो, सुख नमको **नेपाली परी कथाहरू** सङ्ग्रहमा सङ्गृहीत ‘सातसिङ्गे अर्ना’ कथाको राक्षस, ‘बल्से र दैत्यिनी’ कथाकी दैत्यिनी, निमा छिरिङ शेर्पाको ‘बुढो माछावाला’ र ‘भाग्यमानीका भुतै कमारो’ जस्ता कथाका राक्षसहरू दुर्गुणले युक्त अलौकिक पात्रहरू हुन्। कतिपय बालकथाहरूमा वर्णित राक्षसहरू भने सदगुण सम्पन्न छन्। **कथा पुष्प**मा सङ्गृहीत ‘तीन गोप्य कुराहरू’ कथाका राक्षसहरू सदगुणी र सहृदयी छन्।

कतिपय बालकथाका मानव पात्र पनि अतिमानवीय गुण र दैवी शक्ति सम्पन्न छन्। एडोन रोङगोङको ‘हितैषी’ कथाको केटो पात्र दैवी शक्ति सम्पन्न छ। एउटा मानिस दैवी शक्ति सम्पन्न हुनु अलौकिकता हो।

## ३.२ पात्रगत विचित्र गुण र स्वभाव

नेपाली बालकथामा धेरै मानवेतर पात्रहरू पाइन्छन्। यस्ता मानवेतर पात्रहरू असाधारण, अलौकिक शक्ति र मानवीय गुणले सम्पन्न छन्। नेपाली बालकथाहरूमा रहेका यस्ता मानवेतर पात्रहरू निम्न प्रकारका छन् -

### ३.२.१ मानवीय स्वभाव भएका किरा र पशुपक्षी

किरा र पशुपक्षीलाई पात्र बनाएर धेरै बालकथाहरू लेखिएका छन्। **पञ्चतन्त्र**कार विष्णु शर्माले जीवजन्तुलाई कथाको पात्र बनाएर त्यसका माध्यमद्वारा मानवीय गुण तथा सामाजिक सम्बन्ध एवम् रीति-नीतिहरूको व्याख्या गरेका छन्। **पञ्चतन्त्र**ले जीवजन्तुका माध्यमले कथा भन्ने जुन परम्परा बसायो त्यसको प्रयोग जैन तथा बौद्ध जातक कथाहरूमा पनि पाइन्छ।[६] नेपालीमा पनि किरा र पशुपक्षीलाई पात्र बनाएर धेरै बालकथाहरू लेखिएका छन्। नेपाली बालकथाहरूमा गाई, भैँसी, बाख्रा, बाघ, स्याल, हात्ती, बाँदर, मुनाल, सुगा, लाटोकोसेरो, माछा, ब्याङपाटा, चमेरा, पाहा, साँप, उपियाँ, जुम्रा, गिद्ध, भ्यागुता, चिप्ले किरा, छेपारा, गँगटो, लोखर्के, माकुरा, मौरी आदि विभिन्न किरा फटेङ्ग्रा र पशुपक्षीहरू कथा पात्रका रूपमा रहेका छन्। कथा पात्रका रूपमा रहेका यस्ता किरा र

[६] अभिनेष कुमार जैन, ई सं २००९, **हिन्दी बाल साहित्य : प्राचीन एवं आधुनिक दृष्टि**, दिल्ली, निरज बुक सेन्टर, पृ ५६

पशुपक्षीहरू मानवीय स्वभावका छन्। ती किरा र पशुपक्षीहरू मान्छेजस्तै बोल्छन्, सोच्छन् र काम गर्छन्। मानवजस्तै क्रियाकलाप गर्ने बालकथाका यस्ता पात्रहरूसँग बाल भावनाको जब समीकरण हुन्छ त्यो बालकहरूका निम्ति सुखद हुन्छ[७] भन्ने कुरो पनि यहाँ उल्लेखनीय छ।

देवकुमारी थापाको 'साँचो साथी' कथामा सुगाले मान्छेजस्तै दोहोरो कुरा गर्छ, आफ्नो विचार अभिव्यक्त गर्छ, दुखी हुन्छ। एडोन रोङगोङको 'दयालु राजा र मैना' कथामा पनि मान्छेजस्तै बात मार्ने चतुर र इमान्दार मैना चरा पात्रका रूपमा रहेको छ जसले राजालाई बुढो हुन र मर्नदेखि बचाएको छ। त्यसरी नै सुखनमको **नेपाली परी कथाहरू**मा सङ्गृहीत 'सातसिङ्गे अर्ना' कथामा बोल्ने अर्ना भैँसी, 'जम्ले घाम' कथामा बोल्ने ब्याङ्पाटा र चमेरा, 'पाहा र राँको' कथामा बात मार्ने पाहा, नाग र गँगटो, 'बल्से चरो' कथामा होङ्रायो, मुनाल, बल्से, लाटोकोसेरो जस्ता बोल्ने र बात मार्ने चराहरू छन्। पुकार गुरुङद्वारा सम्पादित **सुनेका कथाहरू** सङ्ग्रहमा सङ्गृहीत 'तीन छोरीहरू', 'चतुर स्याल', 'बकुल्लो र गँगटा', 'पाठोले मुक्ति पायो', 'साहसी गधा' जस्ता कथामा मानवीय स्वभाव भएका परेवा, स्याल, बकुल्ला, गँगटो, माछा, बाख्रा र गधाहरू पात्रका रूपमा रहेका छन्। निमा छिरिङ शेर्पाका 'बाठो लड्छ तीन बल्ड्याङ' र 'बाख्राले साटो फेऱ्यो' बालकथाका पशु पात्रहरू स्याल, उँट, बाख्राहरूमा पनि धुर्त्याइँ, छट्टुपन, आत्मश्लाघा, प्रतिशोधको भावना र विश्वासघातजस्ता मानवीय प्रवृत्तिहरू पाइन्छन्। स्नेहलता राईको 'काग र पर्यावरण' कथाको कागमा पनि मानवीय गुण आरोप गरिएको छ। सीता नाउँ गरेकी एउटी बालिका र कागबिच संवाद हुन्छ। यसरी एउटा पक्षीले मान्छेसँग मान्छेकै बोली बोल्नु विचित्र घटना हो। मुन्नी सापकोटाका 'लोभी आले', 'खरायो र बाँदर', 'बल्ल बुद्धि पलायो', 'साँचो सल्लाहकार' आदि कथामा पनि मानवीय गुण र स्वभाव भएका हात्ती, खरायो, बाँदर, चिम्पान्जी, सिंह, स्याल जस्ता पशुहरू पात्रका रूपमा आएका छन्।

यसरी नेपाली बालकथामा पात्रका रूपमा रहेका विभिन्न किरा र पशुपक्षीहरूमा मानवीय स्वभाव र गुण पाइनु अलौकिकता हो। उनीहरू मान्छेजस्तै बोल्दछन्, बात मार्दछन्, सरसल्लाह गर्दछन्, सोचविचार गर्दछन्, झगडा पर्दछन्, मिल्दछन्। मान्छेजस्तै इमानदार, चतुर, चलाक र साहसी प्रवृत्तिका छन्। कथा पात्रका रूपमा आएका यस्ता पशुपक्षी र किरा फटेङ्ग्राहरू लौकिक संसारसँग सम्बन्धित रहे तापनि तिनीहरूमा रहेको मानवीय स्वभाव, गुण र तिनीहरूका क्रियाकलाप भने अनौठा र अलौकिक छन्।

---

[७] अभिनेष कुमार जैन, **हिन्दी बाल साहित्य : प्राचीन एवं आधुनिक दृष्टि**, पूर्ववत्, पृ ५५

### ३.२.२ मानवीय गुण सम्पन्न उद्भिद-वनस्पति

कतिपय नेपाली बालकथाहरूमा घुम्ने, बोल्ने, माया प्रीति लगाउने, घमन्ड देखाउने, नम्रता दर्साउने जस्ता मानवीय गुण सम्पन्न उद्भिद वनस्पतिहरू पात्रका रूपमा आएका छन्। **नेपाली परी कथाहरू**मा सङ्गृहीत 'गुराँस र उत्तिस' कथामा यस्तै घुम्ने, बोल्ने, माया गर्ने गुराँस र उत्तिस पात्रका रूपमा रहेका छन् भने 'बरको रुख र सिरु परिवार' कथामा पनि बोल्ने, बात मार्ने, अभिमानी बरको रुख र नम्र र शान्त स्वभावको सिरुलाई पात्र बनाइएको छ। त्यसरी नै 'लाब्रेकिरो र केराको थाम' कथामा पनि केराको थाम मान्छेजस्तै बोल्ने र दया माया भएको पात्रका रूपमा प्रस्तुत गरिएको छ। प्रकाश कोविदको 'पहेँलो पात' कथामा हरिया जवान पात र पहेँलो भइसकेको एउटा बुढो पातलाई पात्र बनाइएको छ। हरिया पातहरूमा युवासुलभ चञ्चलता र उत्ताउलोपन छ भने पहेँलो पातमा वृद्धसुलभ प्रौढता र एकाग्रता छ। स्नेहलता राईको 'परितृप्त रुख' कथामा पनि रुखहरूले मनुष्यजस्तै एकाअर्कामा बात मारेको वर्णन छ। प्रकृतिको विनाशबारे रुखहरूले मान्छेले जस्तै बात मार्नु, चिन्ता प्रकट गर्नु अनौठो र अलौकिक प्रसङ्ग हो।

नेपाली बालकथा पात्रका रूपमा आएका यस्ता उद्भिद वनस्पतिहरूमा अभिमान, घमन्ड, नम्रता, भावुकता, दया, प्रेम, घृणा, आह्सिजस्ता मानवीय संवेग रहनु, मान्छेजस्तै बोल्नु, बात मार्नु, हिँड्डुल गर्नु तथा उद्भिद वनस्पतिमा मानवीय गुण पाइनु अलौकिकता हो।

### ३.२.३ मानवीय चरित्र भएका निर्जीव वस्तुहरू

कतिपय बालकथाहरूमा भाँडा बर्तन, ढुङ्गा माटो, टपरी, चङ्गाजस्ता निर्जीव वस्तुहरू पात्रका रूपमा आएका छन्। यस्ता निर्जीव वस्तुहरू पनि मानवीय चरित्र र गुणले सम्पन्न छन्। प्रकाश कोविदको 'भाँडा-कुँडाको झगडा' कथामा कितली, डेक्ची, बाल्टी, थाल, गिलास, डबका, डाडु, पन्यु, कराही, कुचो, पोतो, झाडुजस्ता निर्जीव वस्तुहरू पनि मान्छेझैँ सजीव र मानवीय चरित्र भएको देखाइएको छ। मान्छेजस्तै बोल्छन्, झगडा पर्छन्, लुछालुछ गर्छन्, घमन्ड गर्छन्, सरसल्लाह गर्छन्, कहिले झगडा नगर्ने र मिलेर बस्ने निर्णय गर्छन्। कोविदकै 'रातो चङ्गा' कथामा चङ्गाहरू पात्रका रूपमा रहेका छन्। कथा पात्रका रूपमा रहेका यी चङ्गाहरूमा घमन्ड, क्रोध, निर्बलता, त्रास, भय, आत्मश्लाघाजस्ता मानवीय प्रवृत्ति रहेको छ। नेपाली बालकथाहरूमा पात्रका रूपमा रहेका यस्ता निर्जीव वस्तुहरू पनि लौकिक संसारसँग सम्बद्ध रहे तापनि त्यसमा रहेको मानवीय क्रियाकलाप र स्वभाव भने अनौठो, विचित्र र असम्भाव्य हुनाले यस प्रकारको प्रस्तुति अलौकिक बनेको छ।

## ३.३ असम्भाव्य घटना

असम्भव, अतिकाल्पनिक र आद्‌भुतिक घटनाहरूको संयोजनले बालकथाहरूमा अलौकिक संसारको सृजना गरेको हुन्छ। यस्ता घटनाहरू यथार्थदेखि कोसौँ टाढा हुन्छन्। तथापि यस्ता घटनाहरूले बालहृदयलाई भने गहिरोसँग प्रभाव पारेको देखिन्छ। बालमनोविज्ञान अनुरूप यस्ता घटनाहरूको संयोजन आवश्यक पनि हुन्छ। बालहृदयले यस्ता अलौकिक घटनालाई सत्य ठान्दछ र त्यससँग तादात्म्य स्थापित गर्दछ। यस्ता घटनाहरूको अवलोकनबाट बालकले मनोरञ्जन मात्र प्राप्त नगरेर त्यससँगै नीति उपदेशहरू पनि ग्रहण गर्दछन् जसले उसका चारित्रिक विकासमा सहयोग पुऱ्याउँदछ। उसका कल्पना वृत्तिलाई विस्तार दिन्छ। नेपाली बाल कथाहरूमा यस्ता असम्भव, अतिकाल्पनिक र आद्‌भुतिक घटनाहरू एकपछि अर्को गर्दै शृङ्खलाबद्ध रूपमा रहेका छन्।

देवकुमारी थापाको ‘खजुरका बच्चा’ र ‘सुनपखेटी चरी’ जस्ता कथाहरूलाई उदाहरणस्वरूप लिन सकिन्छ। पहिलो कथामा एउटी मुसलमान महिलाको बारीमा फलेको खजुर नानीहरूमा परिणत हुनु, एक दिन महिलाले एउटी नानीलाई हकार्दा नानीहरू पुनः खजुर हुनु, महिलाले खजुर टिप्न खोज्दा खजुरले आँखा तर्नु जस्ता असम्भव र अनौठा घटनाहरूको शृङ्खलाले कथामा आश्चर्य र कौतुहलको परिवेश सृजना गरेको छ। त्यसरी नै दोस्रो कथामा पनि यस्तै असम्भव र अद्‌भुत घटनाहरूको संयोजनले कथालाई अलौकिक संसारसँग जोडेको छ। कथामा रहेका यस्ता अद्‌भुत घटनाहरूमा एउटी बोक्सीले राजकुमारहरूलाई ढुङ्गाको सालिक बनाइदिनु, एउटी राजकुमारीलाई सुनको पखेटा भएको चरीमा परिणत गरिदिनु, कुनै राजकुमारको प्रयासले ती ढुङ्गाहरू पुनः राजकुमारमा परिणत हुनु र सुनको पखेटा भएको चरी राजकुमारीमा परिणत हुनु मुख्य रूपमा रहेका छन्। त्यस्तै पुकार गुरुङद्वारा सम्पादित ‘सुनेका कथाहरू’ सङ्ग्रहमा सङ्कलित ‘उड्ने पहाड’ कथामा पहाड उडेर गाउँ घर थिचिदिएको घटनाको वर्णन अतिकाल्पनिक र विचित्र छ। **कथा पुष्प**मा सङ्कलित ‘पराक्रमी फर्सी’ कथामा एउटा फर्सीले निसन्तान बुढा बुढीको छोरो भएर बुढा बुढीको सेवा गरेको, फर्सीले मुखियाकी कान्छी छोरीलाई बिहे गरेको, एक दिन फर्सी फुटेर फर्सीबाट सुन्दर युवक निस्केको घटनाको वर्णन छ। एकातिर यस कथामा फर्सीमा मानवीय गुणको आरोप गरेर फर्सीलाई अलौकिक तुल्याइएको छ भने फर्सी र मान्छेबिच बिहे भएको तथा फर्सी फुटेर सुन्दर युवक निस्केको जस्ता विचित्र घटनाले कथामा अलौकिकताको स्थापन भएको छ। रामचन्द्र गिरीद्वारा सङ्कलित **सचित्र कथामाला** (भाग ३)-मा सङ्गृहीत ‘दाउरे र जलदेवता’ कथामा पनि त्यस्तै असम्भव र अतिकाल्पनिक घटनाहरूको संयोजन गरिएको छ। बन्चरो खोलामा

डुब्दा दाउरे विलाप गरी रोएको देखेर जलदेवता प्रकट हुनु, सुन र चाँदीको बन्चरो देखाउँदा दाउरेले लोभ नगरी सत्य बोलेको हुनाले अन्तमा जलदेवताले दाउरेलाई उसको फलामको बन्चरोसँगै सुन र चाँदीको बन्चरो पनि उपहारस्वरूप दिई पुनः लोप हुनु जस्ता घटनाहरू यथार्थदेखि टाढा हुनाले अनौठा र विचित्र छन्। नैनसिंह योन्जन र मनप्रसन्न योन्जनको **कथामृत** (भाग १)-मा सङ्गृहीत 'परीदेश' कथामा अलौकिक परिवेशको सृजना गरिएको छ। आकाशबाट धर्तीमा परी आउनु र उसले उमा र रमा नाउँ गरेका बालिकाहरूलाई परीहरूको देशमा घुमाउन लैजानु, परीदेशमा सुन, चाँदी, हिरा, मोती रुखमा फल्नु, सुन्दर जादुको बगैँचा हुनु, परीहरूले उमा र रमाको परीक्षा लिनु, रमाको स्वर्थीपन देखेर परीहरूकी रानीले रमालाई माकुरा बनाइदिनु, उमाको बिन्तीले रमालाई पुनः मान्छे बनाइदिनु, अन्तमा परीहरूकी रानीले उमा र रमालाई सुन्दर सुन्दर उपहार दिई उडाएर पुनः घरमा पुऱ्याइदिनु जस्ता अतिकाल्पनिक घटनाहरूले कथामा अलौकिक परिवेशको निर्माण गरेको छ। यसरी नेपाली बालकथाहरूमा एकपछि अर्को गर्दै असम्भव र अतिकाल्पनिक घटनाहरू घटाएर पुनः पुनः आश्चर्य र विचित्रता सृजना गरी अलौकिक संसार निर्माण गरिएको छ।

## ४ निष्कर्ष

नेपाली बालकथाहरूमा पशुपक्षी, कीटपतङ्ग, उद्भिद् वनस्पति र निर्जीव वस्तुहरू पात्रका रूपमा आएका छन्। यस्ता पात्रहरूको सम्बन्ध लौकिक संसारसँग भए तापनि तिनीहरूमा मानवीय गुण र स्वभाव आरोप गरेर अलौकिक तुल्याइएको छ। त्यसरी नै अलौकिक र अतिमानवीय शक्तिसम्पन्न देउता, परी, सैतान र राक्षसहरू पनि पात्रका रूपमा रहेका छन् जसका क्रियाकलापहरू अनौठा, अद्भुत र अलौकिक छन्। यस्ता पात्र पात्राहरूद्वारा क्रियाशील कथा घटनाहरू पनि अयथार्थ, असम्भव र अतिकाल्पनिक छन्। यस्तै पात्र र घटनाहरूले कथाहरूमा अलौकिक संसार निर्माण भएको छ। तथापि कथाहरूमा अलौकिक पात्रको उपस्थिति र घटनाहरूको वर्णन अलौकिकता झल्काउनाका निम्ति मात्र गरिएको छैन। असम्भव, अतिकाल्पनिक र अद्भुत घटना, परिवेश र पात्र पात्रा सृजना गरी बालहृदयमा मनोरञ्जनको प्रवाह उत्पन्न गर्दै सहजतासँग नीति उपदेश सञ्चार गर्न अलौकिकताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। तसर्थ नेपाली बालकथाहरूमा अलौकिकता एउटा प्रवृत्ति विशेषका रूपमा रहेको छ।